# दिप्रुङ चुइचुम्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
याङसोला..., खोटाङ
कोशी ..., ...ल

प.स.२०८०/०८१
सूचना नं. ४४

मितिः२०८०/०७/१५
"हाम्रो परिकल्पनाः समृद्ध दिप्रुङ चुइचुम्मा"

## सेवा करारमा गाउँ प्रहरी पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०७/१५**

प्रस्तुत विषयमा दिप्रुङ चुइचुम्मा गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०/०४/१५ गतेको निर्णय तथा दिप्रुङ चुइचुम्मा गाउँ पालिकाको गाउँ प्रहरी ऐन २०७७ अनुसार सेवा करारमा गाउँ प्रहरी नियुक्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमको शर्त र अधीनमा रही योग्यता पुगेका दिप्रुङ चुइचुम्मा स्थायी बासिन्दा नागरिकहरुले रितपूर्वक दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कार्यालयमा १५ (पन्ध्र) दिन भित्र दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

देहायः

| क्र.स | विज्ञापन नं | पद | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | १४/२०८०/८१ | सहायक गाउँ प्रहरी निरीक्षक | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह उत्तीर्ण वा सो सरह | १५००। |
| २ | १५/२०८०/८१ | गाउँ प्रहरी जवान | ५ (पाँच) | आधारभूत शिक्षा उत्तीर्ण वा सो सरह | १०००। |

२. **सेवाको किसिमः** सेवा करार )

३. **दरखास्तका साथ संलग्न हुनुपर्ने कागजातहरुः**

- शैक्षिक योग्यताको सम्पूर्ण प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
- कार्य अनुभव भए समयावधि खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

४. **उमेरको हदः** १८ वर्ष पूरा ४० वर्ष) ननाघेको

५. **तलब तथा करार अवधिः** गाउँपालिका संग हुने करार सम्झौतामा उल्लेख भए बमोजिम ।

६. **परीक्षा दस्तुर बुझाउने प्रकृयाः** सानीमा बैंक दिप्रुङ शाखा ओखेमा रहेको आन्तरिक राजश्व खाता नम्बर <u>०७१०१००४००००१४ (GA 1.1 ANTARIK RAJASHWO KHATA)</u> मा जम्मा गरी उक्त भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ ।

७.**दरखास्त फाराम बुझाउने स्थानः** दिप्रुङ चुइचुम्मा गाउँपालिका स्थायी बासिन्दाहरुले मात्र उम्मेद्वार बन्न सक्नेछन साथै आवेदन सम्बन्धित व्यक्ति कार्यालयमा उपस्थित भई पेश गर्नुपर्नेछ।

८. **परीक्षाको किसिमः** लिखित, शारीरिक तन्दुरुस्ती र अन्तरवार्ता ।

९. **परीक्षा सम्बन्धि जानकारीः** पछि प्रकाशन गरिनेछ ।

१०, सवारी चालक अनुमति प्राप्त उम्मेद्वारलाई प्रथमिकता दिइनेछ ।

११. **थप जानकारीको लागिः** ९७४६२०९९४३ मा सम्पर्क गर्नुहोला ।

१२. आवेदन स्वीकृत अस्वीकृत तथा विज्ञापन रद्ध गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ ।

१३. पाठ्यक्रम लोकसेवा आयोगले नेपाल प्रहरी सहायक निरीक्षक र प्रहरी जवान पदको तोके बमोजिम हुनेछ ।

१४. उम्मेद्वारहरुको उचाइ न्यूनतम पुरुषको ५ फिट ३ इन्च र महिलाको ५ फिट हुनुपर्नेछ ।

नोटः दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ ।

..................
(पिएस्पी ...)
निमित्त कार्यालय प्रमुख